# नेपाल आयल निगम लिमिटेडको

## विज्ञप्ती

नेपाल आयल निगमले मिति २०७४।११।२० गते राती १२.०० बजे देखि लागू हुने गरी स्वतः संचालित मूल्य संरचना बमोजिम ईण्डियन आयल कर्पोरेशनवाट १ मार्च २०१८ देखि लागु हुने गरी २ मार्चमा प्राप्त पेट्रोलियम पदार्थको नयाँ मूल्य वमोजिम निम्न अनुसार काठमाण्डौं लगायत अन्य क्षेत्रमा लागु हुने गरी पेट्रोलको खुद्रा विक्री मूल्यमा समायोजन गरेको छ भने अन्य पेट्रोलियम पदार्थको मूल्य यथावत रहेको छ ।

| सि.नं. | पदार्थ | नयाँ खुद्रा विक्री मूल्य | पुरानो खुद्रा विक्री मूल्य | घटाइएको रु प्रति लिटर |
|---|---|---|---|---|
| १ | पेट्रोल | रु १०३।०० प्रति लिटर | रु १०४।०० प्रति लिटर | रु १।०० |
| २ | डिजेल/ मट्टितेल | रु ८३।०० प्रति लिटर | रु ८३।०० प्रति लिटर | यथावत |
| ३ | हवाई इन्धन ( आन्तरिक उडान) – सवै क्षेत्रको लागि | रु ९५।०० प्रति लिटर | रु ९५।०० प्रति लिटर | यथावत |
| ४ | हवाई इन्धन ( वाह्रय उडान) | **USD** १००० प्रति कि.लि. | **USD**१००० प्रति कि.लि. | यथावत |

अन्य क्षेत्रहरुमा निगमको डिपो / विक्री विन्दु देखि १५ कि.मि. भित्रको क्षेत्रमा निम्न वमोजिम नयाँ खुद्रा विक्री मूल्य कायम गरिएको छ :

| सि.नं. | पदार्थ | चारआली(झापा), विराटनगर, महेन्द्रनगर (धनुषा), वीरगंज, अमलेखगंज, भलवारी, नेपालगंज र धनगढी | पोखरा र दाङ्ग |
|---|---|---|---|
| १ | पेट्रोल | रु.१०१।५० प्रति लिटर | रु. १०२।५० प्रति लिटर |
| २ | डिजेल / मट्टितेल | रु.८१।५० प्रति लिटर (यथावत) | रु. ८२।५०प्रति लिटर (यथावत) |

उपरोक्त वमोजिम स्वतः संचालित मूल्य संरचना वमोजिम विक्री मूल्य समायोजन गर्दा निगमको मासिक नाफा पाक्षिक करीब रु १५ करोड हुने देखिएको छ । ईण्डियन आयल कर्पोरेशनवाट १६ फुव्रेअरी २०१८ को मूल्यको तुलनामा १ मार्च २०१८ मा ईण्डियन आयल कर्पोरेशनवाट प्राप्त भएको मूल्य अनुसार पेट्रोल र डिजेल तथा एल.पि. ग्याँसको मूल्य केही घटेको, हवाई इन्धन र मट्टितेलमा भने केही मूल्य वढेर आएको छ ।

पेट्रोलमा मूल्य समायोजन पश्चा निगमलाई प्रति लिटर रु ३।७७ नाफा हुने र डिजेलको मूल्य यथावत राख्दा

निगमलाई प्रति लिटर रु ०।०६ नाफा हुने देखिएको छ । त्यसै गरी एल.पी.जी.को प्राप्त नयाँ मूल्य बमोजिम प्रति सिलिण्डर रु.११९.६४ रुपैया घाटा कायम हुने देखिएको छ । साथै उपरोक्त समायोजन प्रश्चात नेपाल (बीरगंज) – भारत (रक्सौल सिमामा पेट्रोल प्रति लिटर रु २१।६६ र डिजेल प्रति लिटर रु २५।६१ ले नेपाल तर्फ अझै सस्तो रहेको छ।

स्थापित स्वतः संचालित पेट्रोलियम मूल्य संरचना (**Automatic Petroleum Pricing Mechanism**) वमोजिम निगमले पेट्रोल, डिजेल र मट्टितेलको प्रत्येक १५/१५ दिनमा मूल्य घटवढ हुने गरी कार्य गरी रहेको छ भने हवाई इन्धन र एल.पि. ग्याँसको हकमा प्रत्येक महिना अन्तर्राष्ट्रिय वजार मूल्य मुताविक समायोजन गर्दै जाने नीति लिएको छ ।

अन्य विस्तृत विवरण निगमको Website: www.nepaloil.com.np मा समेटिएको छ ।